स्थानीय सरकार

Local Government

जगदुल्ला गाउँपालिका

Jagdulla Rural Municipality

गाउँकार्यपालिकाको कार्यालय

Office of the Rural Municipality Executive

माझगाउँ,डोल्पा
Majhgaun,Dolpa

कर्णाली प्रदेश,नेपाल
Karnali Province,Nepal

---

प.सं.२०८०/०८१
च.नं. ६६४

मिति:२०८०/१०/२२

# सुचना !   सुचना !!   सुचना !!!

बिषय: घाइते अपाङ्गता भएका र सहित स्मृती भत्ता वितरण प्रयोजनका लागि विवरण भर्ने सम्बन्धमा।

प्रस्तुत बिषयमा आन्तरिक मामिला तथा कानून मन्त्रालय वीरेन्द्रनगर सुर्खेत को च.न. ४१३ र ४१४ रहेको मिति २०८०/०९/१९ गतेको सयुक्त प्राप्त पत्रानुसार जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएको आन्दोलनको क्रममा घाइते अपांग भएका व्यक्तिहरुलाई जीवन निर्वाह भत्ता प्राप्त गर्न "घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता विवरण कार्यविधि,२०८०"मा भएको व्यवस्था बमोजिम र सोही आन्दोलनमा सहित वा बेपत्ता परिवारका हकवालालाई सहित स्मृति भत्ता प्राप्तकोलागि "सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८०" मा भएको व्यवस्था बमोजिम कार्यविधिमा भएको अनुसूची १ बमोजिमको ढाँचामा आवेदन दिनहुन सबैमा जानकारी गराइन्छ।

बिष्णु बैजी
नि. प्रमुख प्रशासकीय अधिकृत

---

"कृषि,रोजगार,शिक्षा,स्वास्थ्य,पर्यटन र पूर्वाधार जगदुल्ला गाउँपालिकाको दिगो विकाशको आधार"

Email: ito.jagdullamun@gmail.com / info@jagdullamun.gov.np
website: jagdullamun.gov.np    phone No.9858320620

CamScanner

अनुसूची-१

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

## जीवन निर्वाह भत्ता प्राप्तिका लागि दिइने निवेदनको ढाँचा

मिति: २०...... /.... /...

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,

................................न.पा./गा.पा.

................ ।

### विषय: जीवन निर्वाह भत्ता उपलब्ध गराई पाउँ।

म निवेदक जनआन्दोलन/जनयुद्ध/प्रदेश स्थापनाको लागी भएको आन्दोलनको घाइते अपाङ्गता भएको व्यक्ति भएको हुँदा "घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०८०" बमोजिम .................................... नगरपालिका/गाउँपालिकाले मिति .................................... मा प्रकाशित गरेको सूचनामा मेरो नाम समावेश भएकोले कार्यविधि बमोजिमको भत्ता उपलब्ध गराई दिनुहुन देहायका कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु।

संलग्न कागजात:

(१) द्वन्द्व पीडित घाइते अपाङ्गता भएको व्यक्तिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(२) नेपाल सरकारबाट जारी भएको घाइते अपाङ्गता परिचयपत्रको प्रतिलिपि वा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस वा सत्यनिरुपण तथा मेलमिलाप आयोगले जारी गरेको पीडित परिचयपत्रको प्रतिलिपि,

(३) स्थानीय तहले जारी गरेको अपाङ्गता परिचयपत्रको हकमा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस,

(४) प्रदेश स्थापनाको लागि भएको आन्दोलनको क्रममा घाइते वा अपाङ्गता भएको व्यक्तिको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको विवरण खुल्ने प्रमाणित कागजात वा सिफारिस,

(५) बैंक खाता नम्बर खुल्ने कागजात।

निवेदकको,

दस्तखत:

नाम थर:

ठेगाना:

बाजेको नाम:

बाबुको नाम:

आमाको नाम:

फोन नं.

सचिव मन्त्री